# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड: ७** | **संख्या: ८** | **मिति: २०८१/०९/२५**

## भाग–२


## हरिनगर गाउँपालिका स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः– २०८१/०९/२५

हरिनगर गाउँपालिका भित्रका सामुदायिक (सामुदायिक र धार्मिक) विद्यालयहरुमा तहगत, भाषिक, विषयगत तथा प्रविधिमैत्री शिक्षकको अपर्याप्तताका कारण विद्यालयको नियमित पठनपाठन सञ्चालन गर्न समस्या रहेको र सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गराउन समस्या भएको गुनासो विद्यालय मार्फत पटक–पटक आउने गरेको हुनाले सो समस्या समाधान गर्न साथै शिक्षक व्यवस्थापन प्रकृयालाई व्यवस्थित एवम् मर्यादित बनाई गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम हरिनगर गाउँपालिका स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले शिक्षा ऐन, (संशोधन सहित) २०२८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र हरिनगर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली २०५७, शिक्षा नियमावली (संशोधन सहित), २०५९ र गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०७५ लाई सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले हरिनगर गाउँपालिका, हरिनगरा सुनसरीलाई सम्झनुपर्दछ ।

(ङ) "शाखा" भन्नाले शिक्षा, हरिनगर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले हरिनगर गाउँपालिका स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

(छ) "विद्यालय" भन्नाले विद्यमान ऐन, नियम बमोजिम स्थापना भई सञ्चालनमा रहेका अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरु सम्झनु पर्छ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन, २०२८ को दफा १२ (१) बमोजिम गठन भएको सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) "परीक्षा" भन्नाले गाउँपालिका स्रोत शिक्षक नियुक्ति गर्ने प्रयोजनको परीक्षा सम्झनुपर्छ ।

(ञ) "छनौट समिति" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९६(क) वा यस कार्यविधिको दफा ५ मा व्यवस्था भए बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्दछ ।

(ट) "शिक्षक" भन्नाले गाउँपालिका स्रोत शिक्षक सम्झनु पर्दछ ।
(ठ) "भाषा" भन्नाले संस्कृत, उर्दू, दिनियात र कुरान वा अन्य मातृभाषालाई सम्झनु पर्दछ ।
(ड) "प्रविधि" भन्नाले कम्प्युटर तथा विभिन्न नेट इन्टरनेट सम्बन्धी विषयवस्तुलाई सम्झनु पर्दछ ।
(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिनगर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो पदको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्दछ ।
(ण) "गाउँ कार्यपालिका" भन्नाले हरिनगर गाउँपालिका सुनसरीको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।
(त) "शाखा प्रमुख" भन्नाले हरिनगर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा प्रमुख वा सोको कामकाज गर्न तोकिएको शिक्षा सेवाको स्थायी कर्मचारीलाई सम्झनुपर्दछ ।

## परिच्छेद–२
## गाउँपालिका स्रोत शिक्षक व्यवस्थापनका मापदण्ड तथा आधार

**३. शिक्षक दरबन्दी वितरण गर्दा देहायका मापदण्ड तथा आधारहरु अबलम्बन गरिने छ:**

(१) आधारभूत तह कक्षा १ देखि ५ सम्म सञ्चालित सामुदायिक विद्यालयको हकमा कुनैपनि शिक्षक दरबन्दी नभएको वा अनुदान प्राप्त नगरेको वा कम दरबन्दी प्राप्त गरेका वा भाषा र प्रविधि विषयका शिक्षकको अभावमा विद्यालयमा पठनपाठन, विद्यालयको तथ्याङ्क व्यवस्थापन (IEMIS) सञ्चालन र प्रयोगका समस्या भइरहेको विद्यालयमा गाउँपालिका स्रोत शिक्षक व्यवस्थापन गर्न सकिनेछ । आधारभूत तह कक्षा १–५ मा शिक्षक दरबन्दी व्यवस्थापन गर्दा देहाय बमोजिम हुने व्यवस्था मिलाउन सकिने छ ।

| क्र.सं. | विद्यार्थी संख्या | विद्यालयमा रहने न्यूनतम शिक्षक दरबन्दी | कैफियत |
|---|---|---|---|
| १ | २० जना वा सोभन्दा कम | २ जना | आधारभूत तह कक्षा १–३ सम्म सञ्चालित विद्यालयमा अधिकतम शिक्षक दरबन्दी ४ (चार) र आधारभूत तह कक्षा १–५ सञ्चालित विद्यालयकहरुमा अधिकतम शिक्षक दरबन्दी संख्या ६ (छ) रहने व्यवस्था हुनेछ । |
| २ | २१ देखि ५० जना सम्म | ३ जना | |
| ३ | ५१ देखि ८० जनासम्म | ४ जना | |
| ४ | ८१ देखि १२५ जना सम्म | ५ जना | |
| ५ | १२५ जना भन्दा बढी | ६ जना | |

तर,

आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालित सामुदायिक विद्यालयको हकमा ६–८ कक्षामा कुनैपनि शिक्षक दरबन्दी नभएको वा अनुदान प्राप्त नगरेको वा कम दरबन्दी प्राप्त गरेका वा भाषा र प्रविधि विषयका शिक्षकको अभावमा विद्यालयमा पठनपाठनमा समस्या भइरहेका विद्यालयमा शिक्षक व्यवस्थापन गर्न सकिनेछ । आधारभूत तह कक्षा १–८ मा शिक्षक दरबन्दी व्यवस्थापन गर्दा देहाय बमोजिम हुने व्यवस्था मिलाउन सकिने छ ।

| क्र.सं. | विद्यार्थी संख्या | विद्यालयमा रहने न्यूनतम शिक्षक दरबन्दी | कैफियत |
|---|---|---|---|
| १ | कक्षा ६, ७ र ८ मा क्रमश: प्रतिकक्षा ५० जनासम्म विद्यार्थी भएमा | ४ जना | आधारभूत तह कक्षा १–८ सम्म सञ्चालित विद्यालयमा अधिकतम शिक्षक दरबन्दी ६ (छ) जना रहने व्यवस्था हुनेछ । |
| २ | प्रतिकक्षा ५० भन्दा बढी विद्यार्थी संख्या भएमा | प्रति कक्षा १ दरबन्दी थप हुने | |

## परिच्छेद–३
## गाउँपालिका स्रोत शिक्षकको योग्यता, विज्ञापन तथा परीक्षा र नियुक्ति सम्बन्धी व्यवस्था

**४. गाउँपालिका स्रोत शिक्षकको योग्यता :**

(१) गाउँपालिका स्रोत शिक्षकको योग्यता प्रचलित कानुन र शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम हुनेछ ।

तर,

भाषा र प्रविधिको विषयमा अध्यापन गर्न र IEMIS मा विद्यालय तथ्याङ्क व्यवस्थापनका लागि नियुक्त हुने शिक्षकको योग्यता SLC वा S.E.E. उतिर्ण गरी भाषा तथा प्रविधि विषयमा अध्ययन गरेको प्रमाणपत्र समावेश गरेको हुनुपर्नेछ ।

**५. गाउँपालिका स्रोत शिक्षकको पदपूर्ति समिति सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधिको दफा ३ मा भएको तहगत, विषयगतरुपमा शिक्षक दरबन्दी अभाव भएका तथा भाषा र प्रविधि र I EMI S व्यवस्थापनसँग सम्बन्धित शिक्षकको अभाव भएका सामुदायिक तथा धार्मिक विद्यालयहरुलाई गाउँ कार्यपालिकाको निर्णय बमोजिमको संख्यामा शिक्षा शाखाले नियुक्तिका लागि विद्यालयलाई अनुमति उपलब्ध गराउने । शिक्षा नियमावलीमा २०५९ को नियम ९६ (क) मा व्यवस्था भए बमोजिमको शिक्षक पदपूर्ती समितिले शिक्षकको पदपूर्ती सम्बन्धी सम्पूर्ण कार्य गर्नेछ ।

(२) शिक्षा नियमावली, २०५९ को नियम ९६ (क) को उपनियम १ खण्ड (ख) मा व्यवस्था भएको सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत भन्ने शब्दको सट्टा सम्बन्धित पालिकाको शिक्षा शाखा प्रमुख वा सो को कामकाज गर्न तोकिएको शिक्षा सेवाको स्थायी कर्मचारी सदस्य रहने व्यवस्था हुनेछ ।

(३) विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पदावधि सकिएको र गठन नभएको वा हुन नसकेको अवस्थामा त्यस्तो विद्यालयमा गाउँपालिका स्रोत शिक्षकको दरबन्दी रिक्त भएमा शिक्षक पदपूर्तीका लागि गाउँपालिका समक्ष विद्यालयले माग गर्नुपर्नेछ ।

(४) उपदफा ३ बमोजिम शिक्षक पदपूर्तीका लागि माग भइ आएमा गाउँपालिकाले देहाय बमोजिमको समिति गठन गरी शिक्षक पदपूर्ती सम्बन्धी कार्य गर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको स्थायी कर्मचारी – संयोजक

(ख) सम्बन्धित विषयका विषयविज्ञहरु मध्येबाट उपलब्ध भएसम्म एकजना महिला समेतको प्रतिनिधित्व हुनेगरी गाउँ कार्यपालिकाले मनोनित गरेको २ जना – सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य–सचिव

**६. गाउँपालिका स्रोत शिक्षक पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) गाउँपालिका स्रोत शिक्षक छनौट परीक्षाको प्रश्नपत्र तयार गर्ने ।
(ख) गाउँपालिका स्रोत शिक्षक छनौट परीक्षाको उत्तर कुन्जिका तयारी र उत्तर पुस्तिका परीक्षण गर्ने ।
(ग) गाउँपालिका स्रोत शिक्षक छनौट सम्बन्धी अन्य सम्पूर्ण कार्य गर्ने ।
(घ) गाउँपालिका स्रोत शिक्षक छनौट परीक्षाका सम्पूर्ण चरणहरुमा सफल भएका उम्मेदवारलाई योग्यताक्रमका आधारमा नियुक्तिका लागि सिफारिस गर्ने ।

**७. प्रतियोगिताका लागि विज्ञापन गर्नुपर्ने:** (१) समितिले रिक्त पदपूर्तिका लागि आवश्यक विवरण खुलाई विज्ञापन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको विज्ञापन गर्दा दरखास्त बुझाउने म्याद न्यूनतम पन्ध्र दिनमा नघटाई तोक्नु पर्नेछ ।

**८. पदपूर्तिको माध्यम:** शिक्षकको पदपूर्ति खुला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट गरिनेछ ।

**९. पाठ्यक्रम, परीक्षा पद्धति र मूल्याङ्कन प्रक्रिया:** शिक्षक सेवा आयोग नियमावली, २०५७ ले निर्धारण गरेको पाठ्यक्रम र परीक्षा पद्धति अवलम्बन गरिनेछ ।

**१०. परीक्षाको पूर्णाङ्क र उतीर्णाङ्क:** (१) समितिबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उतीर्णाङ्क देहाय बमोजिम हुनेछ ।

| परीक्षाको किसिम | पूर्णाङ्क | उतीर्णाङ्क |
|---|---|---|
| (क) लिखित परीक्षा: | | |
| (अ) सामान्य परीक्षा: | १०० अङ्क | ५० अङ्क |
| (आ) विषयगत परीक्षा: | १०० अङ्क | ४० अङ्क |
| (ख) प्रयोगात्मक परीक्षा: | २५ अङ्क | १० अङ्क |
| (ग) अन्तर्वार्ता: | २५ अङ्क | |

(२) उपदफा १ को खण्ड क उपखण्ड (अ) बमोजिमको सामान्य परीक्षामा उत्तीर्ण हुने उम्मेदवार मात्र सोही खण्डको उपखण्ड (आ) बमोजिमको विषयगत परीक्षामा सहभागी हुन पाउनेछ ।

(३) समितिले उपदफा १ को खण्ड क बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सामान्य परीक्षामा प्राप्त अङ्कको पचास प्रतिशत र विषयगत परीक्षामा प्राप्त अङ्क जोडी हुने कूल प्राप्ताङ्कको आधारमा नतिजा प्रकाशन गरिनेछ ।

(४) उपदफा १ खण्ड क को उपखण्ड (अ) बमोजिमको सामान्य परीक्षाको किसिम वस्तुगत हुनेछ ।

**११. प्रयोगात्मक परीक्षा:** विषयको प्रकृति हेरी समितिले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा लिनेछ। प्रयोगात्मक परीक्षा लिंदा समितिले सम्बन्धित विषयको विशेषज्ञको समेत सहयोग लिन सक्नेछ।

**१२. सफल उम्मेदवारको सूची प्रकाशन गर्ने:** शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २० बमोजिम कै अनुपातमा सफल उम्मेदवारको सूची समितिले प्रकाशन गर्नेछ।

**१३. अन्तर्वार्ता सम्बन्धी व्यवस्था र अङ्क:** (१) परीक्षा समितिले नै अन्तर्वार्ता समितिको रुपमा कार्य गर्नेछ।

(२) अन्तर्वार्ताका लागि छुट्याईएको पच्चीस अङ्कको विभाजन देहाय बमोजिम हुनेछ।

(क) शैक्षिक योग्यता : ५ अङ्क
(ख) अनुभव : ५ अङ्क
(ग) अन्तर्वार्ता : १५ अङ्क

(३) उपदफा २ को उपखण्ड (क), (ख) र (ग) बमोजिमको अन्तर्वार्ताका लागि छुट्याइएको पच्चीस अङ्क देहाय बमोजिम प्रदान गरीनेछ।

(क) शैक्षिक योग्यता बापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन र द्वितीय श्रेणी भए दुई अङ्क र सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय श्रेणी भए एक अङ्क गरी जम्मा पाँच अङ्क।

(ख) अक्षराङ्कन पद्धतिमा शैक्षिक योग्यताका प्रमाणपत्रहरु भएमा देहाय बमोजिमको अक्षराङ्कन पद्धती (लेटरग्रेडिङ) लाई देहाय बमोजिमको श्रेणीमा रुपान्तरण गरिनेछ।

| क्र.स. | स्तरीकृत अङ्क (GPA) | श्रेणी |
|---|---|---|
| १ | ४.० | प्रथम |
| २ | ३.६ | |
| ३ | ३.२ | |
| ४ | २.८ | द्वितीय |
| ५ | २.४ | |
| ६ | २.० | तृतीय |
| ७ | १.६ | |

(ग) अनुभव बापत सोही तहको अस्थायी वा राहत अन्तर्गतको शिक्षकको रुपमा काम गरे बापत प्रत्येक वर्षको शून्य दशमलव पाँच अङ्कका दरले बढीमा पाँच अङ्क।

(घ) अन्तर्वार्ता बापत बढीमा पन्ध्र अङ्क।

(ङ) अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**१४. नियुक्ति सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम सञ्चालन भएको लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट प्राप्त कूल अङ्क जोडी परीक्षा सञ्चालन समितिले सिफारिस साथ सम्पूर्ण परीक्षा सम्बन्धी कागजात सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई प्रदान गरिनेछ भने विद्यालय व्यवस्थापन समितिको निर्णयले नियमानुसार छनौट भएको शिक्षकलाई करार सम्झौता गरि नियुक्ति दिनुपर्नेछ।

**१५. सेवारत गाउँपालिका स्रोत शिक्षक सम्बन्धी व्यवस्था:** यो कार्यविधि प्रारम्भ हुनुअघि यस गाउँपालिकाको स्रोतबाट तलबभत्ता पाउनेगरी नियुक्त भई यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म सेवारत गाउँपालिका स्रोत शिक्षकलाई शैक्षिक वर्ष २०८३ असार मसान्त सम्मका लागि निरन्तरता दिन सकिनेछ भने सो पछि कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद–४
## गाउँपालिका स्रोत शिक्षकको सेवा शर्त र सुविधा

**१६. गाउँपालिका स्रोत शिक्षकको सेवा, शर्त र तलब भत्ता तथा अन्य सुविधा:** (१) यस कार्यविधि बमोजिम नियुक्ति भएका शिक्षकको सेवा, शर्त र तलब, भत्ता लगायत अन्य सुविधा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) निर्धारण भएको तलबभत्ता विद्यालयले नियमानुसार माग फाराम पेश गरेपछि सम्बन्धित विद्यालयको खातामा गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(३) तलब भत्ता बापत प्राप्त रकम सम्बन्धित विद्यालयले अन्य शिर्षकमा खर्च गर्न पाइने छैन ।

(४) यस कार्यविधि बमोजिम नियुक्त भएका शिक्षकहरु पूर्णरुपमा गाउँपालिकाको माताहतमा हुनेछन् ।

## परिच्छेद – ५
## विविध

**१७. दरबन्दी कटौती गर्न सकिने:** (१) यस कार्यविधि बमोजिम गाउँपालिका स्रोत शिक्षक दरबन्दी उपलब्ध भएका विद्यालयमा साविकको शिक्षक दरबन्दीमा थप भएमा वा विद्यार्थी संङ्ख्या उल्लेख्य रुपमा घटेको अवस्थामा गाउँपालिकाबाट प्रदान गरीएको गाउँपालिका स्रोत शिक्षक दरबन्दी गाउँ कार्यपालिकाले कटौती गर्न सकिनेछ ।

**१८. करार सम्झौता रद्द गर्न सकिने:** (१) गाउँ कार्यपालिकाको निर्णयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सकिनेछ ।

**१९. कार्यविधि बमोजिम मानिने:** (१) गाउँपालिका स्रोतबाट खर्च हुनेगरी यस अघि नियुक्ति भएका शिक्षकहरु यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लिखित विषयहरु यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित शिक्षा ऐन, नियमावली बमोजिम हुनेछ ।

**२०. आवश्यकता अनुसार संशोधनको व्यवस्था:** परिवर्तित नेपालको कानुन, शिक्षा ऐन र नियमावली बमोजिम गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यवधि संशोधन गर्न सकिनेछ ।

**२१. कार्यविधिको व्याख्या गर्ने अधिकार:** यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले,
**नाम**: रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत